परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३० २०७७ फाल्गुण ९ गते आईतवार Sunday 21, FEB, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## बरामद गरीएको चौपाया प्रहरी चौकीलाई घाडो



विराटनगर। भारतबाट नेपाल भित्रियाएको १२ वटा राँगा र ६ वटा पाडी प्रहरीद्धारा बरामद गरिएकोमा सो राँगा र पाडीहरु अहिले प्रहरी चौकीलाई नै घाडो भएको छ।

मोरंगको धनपालथान गाउँपालिका वडा नं. २ खैरबनामा रहेको स्थायी प्रहरी चौकीको गस्ती टोली र इलाका प्रहरी कार्यालय रंगेलीको गस्ती टोलीले फाल्गुण ३ गते सोमवार दिउँसो बरामद गरिएको राँगा र पाडी लिलामी प्रक्रिया अगाडी नबढ्दा र कोही लिन समेत नआएकोले बरामद गरिएको राँगा र पाडीलाई घाँस र पानी खुवान अप्ठ्यारो भएको एक प्रहरीले वताए।

भारतवाट नेपाल भित्रियाएको १२ वटा राँगा धनपालथान गाउँपालिका वडा नं. २ गोसाई पोखरीबाट बरामद गरिएको थियो भने सोही वडाको पैटा बस्तीको बाँस घारीमा लुकाएर राखिएको ६ थान पाडी सोही दिन प्रहरीले बरामद गरिएको थियो।

बरामद गरिएको राँगा र पाडी प्रहरी चौकीको परिसरमा बाँधीएर राखिएको छ। प्रहरीले खुल्ला सिमामा गस्ती गर्नु पर्नेमा अहिले राँगा र बाडीलाई घाँस र पानी खुवान परेशान भएको एक प्रहरीले बताए।

खुल्ला सिमाना भएकोले कहिले नेपालवाट भारत र कहिले भारतवाट नेपाल अवैध रुपमा गाईगोरुको निकासी पैठारी भई व्यपार भई रहेको र प्रहरीले पक्राउ गरेपछि गाईगोरु, राँगापाडीहरुलाई बरामद गर्दा लिलामी प्रक्रिया लामो भएपछि प्रहरीलाई गाई गोरु संरक्षण गर्न अप्ठ्यारो भएकै कारण गाई-गोरा, राँगापाडी बरामद गर्न प्रहरीहरुले नचाहेको एक स्थानीय बासीले वताए।

## विप्लव समुहको इन्चार्जलाई थुनामा राख्न आदेश

विराटनगर। हतियारसहित मोरङको बूढीगंगाबाट पक्राउ परेका 'विप्लव' समूहका मोरङ इन्चार्ज ३२ वर्षीय डिबी सिलवाल भनिने धनबहादुर विकलाई पूर्पक्षका लागि थुनामा राख्न जिल्ला अदालत मोरङले आदेश दिएको छ।

हाततियार खरखरजना मुद्दा प्रहरीले चलाएपछि सुनवाईको क्रममा न्यायाधीश दुर्गा खड्काको इजलासले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ। संखुवासभाको मादी नगरपालिका वडा नं. ४ ओखरबोटे घर भएका ३२ वर्षीय विकलाई प्रहरीले व्यापारीसँग चन्दा लिन जाँदै गरेको अवस्थामा माघ ७ गते हतियार सहित पक्राउ गरिएको थियो।

मोरङको मिक्लाजुङ गाउँ पालिका वडा नं. १ का शिक्षक राजेन्द्रकुमार श्रेष्ठको हत्यामा पनि संलग्नता देखिएपछि विक विरुद्ध हातहतियार खरखजना तथा अपहरण र कर्तव्य ज्यान मुद्दा चलाइएको थियो।

हतियारका बारेमा अनुसन्धान सक्दै प्रहरीले मिसिल बुझाएपछि विकलाई प्रतिवादी बनाउँदै अभियोगपत्र तयार पारेर जिल्ला सरकारी वकिल कार्यालयले गत आइतबार उनीविरुद्ध हातहतियार खरखजना मुद्दा अदालतमा दर्ता गरेको थियो। त्यही मुद्दामा उनलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश आएको जिल्ला अदालत मोरङका स्रेस्तेदार राजकुमार दाहालले जानकारी दिएको छ।

हातहतियार खरखरजना मुद्दामा विक एक्लैलाई प्रतिवादी

वांकी अन्तिम पेजमा...

## ढिस्कोले पुरिएर बालकको मृत्यु

सुनसरी। सुनसरीको बराहक्षेत्र नगरपालिका ८ का १४ बर्षीय प्रज्वल राईको बालुवा र माटो सहितको ढिस्कोमा पुरिएर मृत्यु भएको छ।

बराहक्षेत्र नगरपालिका वडा नं. ८ सालबन्दी स्थित कोशी नदिको किनारमा रहेको पानी जमेको भौडीको डिलमा खेल्ने क्रममा अचानक प्रज्वललाई बालुवा र माटो सहितको ढिस्को झरी पुरेको स्थानीयले देखी तत्काल उपचारार्थ बराहक्षेत्र नगर अस्पतालमा लगिएको र उपचारको क्रममा बालक प्रज्वलको मृत्यु भएको ईलाका प्रहरी कार्यालय महेन्द्रनगर सुनसरीले जनाएको छ।

साथै उनि संगै खेल्ने गएका उनकै भाई १० बर्षीय राजन राई समेत पुरिएर घाईते भएकोमा उनलाई थप उपचारको लागी घोपा धरान लगिएको उक्त कार्यालयले जनाएको छ।

## प्रतिनिधी सभा विघटनको विरुद्धमा फैसला नगर्न सर्वोच्च अदालतलाई प्रम ओलीको धम्की

हिरालाल साह

विराटनगर, फाल्गुण ८ गते। प्रतिनिधी सभा विघटनको विरोधमा सवोच्च अदालतमा परेको रिट प्रतिनिधी सभा विघटनको विरुद्धमा फैसला नगर्न प्रधान मन्त्री केपी शर्मा ओलीले सर्वोच्च अदालतलाई धम्की दिएको छ।





नपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश नं. १ कमिटीद्धारा शनिवार आयोजना गरेको विशाल जनसभालाई सम्बोधन गर्दै प्रमुख अतिथी नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले सो धम्की दिएको हो।

निवेदनमा पूर्व मेची देखि महाकाली सम्मको जनसभामा भएको जनप्रदर्शनलाई मध्य नजर गर्दै जनसहभागिता देखेर हौसिएका प्रमुख अतिथी ओलिले प्रचण्डलाई ईङ्गित गर्दै जसले कहिलेपनि सुर्य चिन्हबाट नलडेकोले सुर्य चिन्ह हाम्रो हो भनेर निर्वाचन आयोगमा गएर गुहार्नु केटाकेटीपन भएको भन्दै ६४ प्रतिशत बहुमतको आफ्नो सांसद सहितको सरकारले

वांकी अन्तिम पेजमा...

नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा प्रमाणितदुईबालबालिका चिन्हभएको आयोडिनयुक्त नुन नै प्रयोग गरौं ।

आयोडिन मन्थ सफल पारौं

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
अञ्चल कार्यालय विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## प्रतिनीधी...

चुनावमा जानू संवैधानिक अधिकार रहेको बताएका छन् । बहुमतको सरकारले जनतामा गएर ताजा जनादेश लिन जाँदा देश संकटमा पर्यो भनेर कोलाहल मच्चाउने प्रचण्डले अल्पमतको खेलमा संसद किनबेचको फोहरी खेलमा रमाउने आरोप लगाएका छन् ।

त्यसैगरी देश विकासमा हामीले चीन संगको आवागमनमा किमाथांका राजमार्ग, पुर्व-पश्चिम रेलमार्ग लगायतका विकासका कामका लामो फेहरिस्त दिँदै कोशी-गण्डकी नदिमा पानी जहाज चलाउने तयारीका साथै झापामा औधोगिक क्षेत्रको १६ गते शिलान्यास हुने घोषणा समेत गरेको छ ।

ओलिले भने नेकपा मुल पार्टी हाम्रो हो । पहिले झुक्याएर लगिएका यही प्रदेशका उषा कला राई, शेर बहादुर तामाङ लगायतका कामरेडहरु फर्किने क्रम बढेको छ । ओलिले ब्यङ्ग्यात्मक शैलिमा कामरेड प्रचण्डलाई पनि मुल पार्टीमा फर्किन आग्रह गर्दै बैध्य, डाक्टर र अहिले झाँक्रीको पछि नलाग्न सुझाव दिएका थिए ।

सम्बोधनका क्रममा बिराट नगरको यो विशाल जनसागरलाई प्रचण्डले फर्केर हेर्न चुनौति दिदै जनताले चुनाव मार्फत नयाँ सरकार चाहेकोले सर्बोच्चले पनि जनताको चाहना अनुसार फैसला दिनेमा सरकार विश्वस्त रहेकोले आम जनताले बैशाखमा हुने चुनावको लागि तयार रहन र सबैले साथ दिनुहुन्छ भन्ने विस्वास ब्यक्त गर्दै जन सहभागितामा आएकोमा धन्यवाद ज्ञापन व्यक्त गरेका थिए ।

कार्यक्रममा संविधानसभाका पुर्व सभामुख सुभास नेवाङले संघियता, धर्म निरपेक्षता र समावेशीमा केपि ओलिको देन रहेको बताए । त्यसैगरी ओलिले भारतीय मेडियालाई नेपाल पनि भारत जस्तै सार्वभौमसत्ता सम्पन्न देश रहेकोले राष्ट्रियता उच्च राखेकाले यो सरकारको कामको प्रशंसा गरेका थिए । नेवाङले सर्बोच्चमा चलिरहेको मुद्दा अन्तिम चरणमा रहेकोले बढिमा यहि १५ गतेसम्ममा फैसला आइसक्ने बताए ।

सभालाई सम्बोधन गर्दै गृहमन्त्री राम बहादुर थापा बादलले देशमा रहेका अपराधी, भ्रष्टाचारीहरुलाई तह लगाएर छोडने र शुन्य सहनशीलता अपनाउने प्रतिबद्धता जाहेर गरेका थिए । कुनैपनि गुटबादी र फुटबादीमा नलाग्न आव्हान गर्दै देशमा अस्थिरता र असमान्य परिस्थितिबाट वचन चुनावमा जानुबाहेक अर्को बिकल्प नरहेको वताएका थिए ।

## विप्लव...

बनाइएको थियो । अपहरण तथा कर्तव्य ज्यान मुद्दामा भने विकसहित प्रतिबन्धित नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) 'विप्लव' समूहका महासचिव नेत्रविक्रम चन्द, पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' समेत गरेर ३५ जनाविरुद्ध दर्ता भएको छ ।

'विप्लव' समूहले सुराकीको आरोप लगाउँदै घरबाटै नियन्त्रणमा लिएर अपहरणपछि शिक्षक श्रेष्ठको गत मंसिर २३ गते हत्या गरेको हो । मिक्लाजुङ गाउँपालिका वडा नं १ स्थित सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक ५३ वर्षीय श्रेष्ठको घाँटी रेटेर विभत्स तरिकाले हत्या गरिएको थियो ।

## शेरधनलाई भीमको चेतावनी

विराटनगर । नेकपा दाहाल(नेपाल समूहका स्थायी कमिटी सदस्य भीम आचार्यले प्रदेशसभा भंग गर्ने तागत मुख्यमन्त्री शेरधन राईसँग नभएको बताउनु भएको छ ।

राजधानी काठमाडौंमा पत्रकार सम्मेलन गर्दै आचार्यले मुख्यमन्त्रीले चाहेर पनि प्रदेशसभा भंग गर्न नसक्ने वताएको हो । 'मुख्यमन्त्रीसँग तागत छ भने प्रदेशसभा भंग गरेर देखाउनुहोस्' आचार्यले भन्नुभयो, 'धम्की दिने कुचेष्टा नगरे हुन्छ ।'


अविश्वासको प्रस्ताव दर्ता भएको दुई महिनाको अवधिमा मुख्यमन्त्री राईले सभामुख, उपसभामुख र सांसदहरुलाई धम्क्याउने काम गरिरहेको उहाँले बताउनुभयो । प्रदेशसभा बैठक भोलिदेखि लगातार बस्नुपर्ने र अविश्वासको प्रस्तावमा छलफल हुनुपर्ने उहाँले बताउनु भएको छ ।

नेता आचार्यले अविश्वासको प्रस्ताव पारित भएपछि मात्रै को मुख्यमन्त्री हुने भन्ने टुंगो लाग्ने बताए ।

## जनताको...

देशको १ सय ६५ वटा प्रदेशसभा निर्वाचन क्षेत्र, दोश्रो चरणमा ३ सय ३० वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र, तेश्रो चरणमा पालिकास्तरीय र चौथो चरणमा वडास्तरीय विरोध प्रदर्शन तथा जनतालाई सु-सुचित गराउने गराउँदै आएको छ ।

# विराटनगर महानगर पालिकाद्धरा 'विपद्' पोर्टल शुभारम्भ



बिराटनगर, फाल्गुण ५ गते । बिराटनगर महानगरपालिकाले एक कार्यक्रम बिच 'विपद पोटल' को शुभारम्भ गरेको छ ।

उक्त विपद पोर्टल गृह मन्त्रालयले तयार परेको सो विपद व्यवस्थापनको पोर्टल बिराटनगर महानगरपालिकाका मेयर प्रमुख भिम पराजुलीले गरेका थिए ।

विराटनगर महानगरपालिकाले एकीकृत विपद सूचनाको व्यवस्थापन गर्ने उदेश्यले 'विपद पोर्टल' संचालनमा ल्याएको छ । सो पोर्टलमा आगलागी, दुर्घटना, बाढी, लगायतको घटनाहरुको विवरणहरु राख्ने भएको छ ।

उक्त पोर्टलमा ३९ प्रकारका विपदका घटनाहरू समावेश गरिएको छ । विराटनगर महानगरपालिका भित्र घटेको विपदका घटनाहरूको साथै अस्पताल, शैक्षिक संघसंस्थाहरुको पनि अभिलेखकरण गरेर राखेको छ । विपद व्यवस्थापन सम्बन्धी कुनैपनि सूचना आवश्यक परेमा पोर्टलवाट सहयोग लिन सकिन्छ । विपद पोर्टलले दिएको सूचनाको माध्यमबाट सहज रुपमा सूचना लिन र रणनीति योजना बनाउन सहज हुने भएको छ । विपद व्यवस्थापन गर्नका लागि महानगरपाकिाले गुरूयोजना तयार गरेर अगाडी बढ्ने भएको छ । सो पोर्टलको लागि महानगरपालिकाले अर्चना कर्णलाई फोकल पर्सन तोकेको छ ।







नेकपा ओली समूहको प्रदेश नं. १ को विराटनगरमा शनिवार भएको विशाल सभामा अखिल नेपाल पिछडावर्ग (ओविसी) को सहभागीता । तस्वीर : श्याम सुन्दर सुतिहार

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

नेपाली जनताको घर-घरमा दिपावली
राष्ट्रिय प्रजातन्त्र दिवसको सम्मान र खुशियाली

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### काउण्टर सभाको औचित्य के ?

नेपाल कम्युनिष्ट पार्टीको बहुमत प्राप्त प्रधानमन्त्री केपी शर्मा आलीले पौष ५ गते गरेको प्रतिनिधी सभा विघटनको विरुद्धमा सोही दिन देखि राजनीतिक दल, बुद्धीजीवी, मानव अधिकार वादी संस्था, पत्रकार, कलाकार लगायतले सडकमा प्रतिनिधी सभा विघटनको कदमलाई असंबैधानि भन्दै आन्दोलनमा उत्रेका छन् भने प्रधानमन्त्री स्वमले पनि देशको काम कारवाहीलाई ठप्प पार्दै काउन्टर सभाहरु गर्दै आएको छ। सत्तामा बसेकाहरुको त जनताले विरोध गर्दछ तर स्वयम सत्तामा बस्ने अनि काउण्टर सभा गर्दै प्रतिनिधी सभा विघटन होईन अग्रगमण हो। केही पार्टीका साथीहरुले काम गर्न दिएनन् त्यसैले प्रतिनिधी सभा विघटन गरी ताजा जनादेश लिन चुनावको विकल्प नभएको भाषण स्वयम प्रधानमन्त्री केपी शर्मा ओलीले गर्दै हिडेको छ। प्रधानमन्त्री केपी शर्मा आलीले गरेको विशाल जनसभाहरु कसका लागि गरेका हुन, काउण्टर सभाको के औचित्य, काउण्टर सभाले जनतामा कस्तो प्रभाव पार्दछ त्यसैको ख्यालै नगरी काम गर्न दिएनन् भन्न तर घण्टौ सम्म विकास निर्माण कार्यको वेली विस्तार सुनाउने यो कस्तो दोहरो चरित्र भएको भाषण। प्रतिगमण विरुद्धको आमसभा र सत्ता पक्षको काउण्टर सभाले देशलाई ऋणमा धकेलन बाहेक अरु केही गर्दैन।

राजनीतिक पार्टीहरुले एकको विरुद्ध अर्को जनसभा र प्रदर्शन गरेर जनतालाई सधै भ्रुक्याउन भन्दा पनि आफ्नो छातीमा हात राखेर नेताहरुले सोच्नु पर्ने वेला भएको छ। कि नेता जीहरु जनताको लागि कति काम गरेका छन्। निर्वाचनको बेला जनता समक्ष ल्याएका घोषण पत्रहरु पल्टाएर नेताहरु पढेर जनताको काममा लाग्नु पर्नेमा सो नगरी चुनावी घोषणपत्रको धज्जी उडाएको छ। केसैले संविधान नमान्ने, कसैले कानुन नमान्ने, एक अर्काको कमी कमजोरीलाई सुधार्नु भन्दा पनि व्यक्तिगत स्वार्थ, सत्ता लिप्सामा लागेर देश र जनतालाई सधै धोका दिई रहेको छ। राजनीतिमा लाग्ने नेता जीहरु सेवाको भावले राजनीतिमा लाग्नु पर्नेमा अहिलेको अवस्था व्यवसायीको भावले राजनीतिमा लागेकै कारण देशको राजनीति दिनदिनै भ्रष्टाचार, घुस खोरी, मनपरी तन्त्र लगायतको अवस्था सृजना भएको छ।

राजनीतिक दलका नेताहरुले एक पार्टीको विरोधमा अर्को पार्टील गरेको काउण्टर सभाले देशलाई द्धन्द्धमा धकेली रहेको छ। त्यसैले यस्तो कु प्रथालाई समयमै रोकेर राजनीति भित्र स्वच्च छवीका व्यक्तिहरु अगाडी बढेर आनउन आवश्यक छ। त्यसैले हामी आम जनता पनि वेलामै स्वच्च छवीका व्यक्ताहरु समयमै विचार पुऱ्याएर अगाडी बढ्न आवश्यक देखिन्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# ओली सरकार तीन वर्ष : १०० मा ३० अंक

डा. विश्व पौडेल, अर्थविद्

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रगति विवरणमा तथ्यांकलाई जोड दिइएको छ। यो हेर्दा सरकारले आर्थिक विषयलाई जोड दिएको छ भन्ने देखिन्छ। विकास, रोजगारी, लगानीलाई जोड दिएको देखिन्छ। प्रधानमन्त्रीको धेरैले आलोचना गर्ने गरेका छन्। उनले मलाई चुनौति दिने हो भने विकास वा आर्थिक पक्षमा देउ भन्ने पनि यसको सन्देश हो।

जुनसुकै प्रधानमन्त्री सफल भयो कि भएन भन्ने कुरा उनका पालामा भएका विकास, आर्थिक उपलब्धीलाई नजरअन्दाज गरेर हेर्न मिल्दैन।

विकास विधेयक, सार्वजनिक खरिद ऐनसम्बन्धी विधेयक ल्याउन खोजेको थिएँ, तर त्यो काम गर्नका लागि मलाई अवरोध थियो भन्नुभएको छ। त्यसको यथार्थ के हो, बाहिर आउन जरुरी छ।

विकास ऐनसम्बन्धी विधेयकको धेरै चर्चा भएको थिएन। तर, सार्वजनिक खरिद ऐन विधेयकमा सरकारकै कमजोरी छ। त्यसलाई वर्षमा चार-पाँच पटक संशोधन गरिएको छ। यसमा बच्चाको जस्तै व्यवहार देखियो।

वित्तीय संघीयताको हकमा मैले थिति बसालेँ भन्नुभएको छ। यो सरकार सुरु हुनेबेलामा वित्तीय संघीयता कसरी जाला, बजेट कसरी तयार होला ? भन्ने अलमल थियो। धेरै प्रदेश सरकारमा कर्मचारी पुगेका थिएनन्।

ओलीजी सफल कि असफल भनेर ठ्याक्कै भन्न गाह्रो छ। स्थानीय सरकारले विकास खर्च गर्न नसकेको गुनासा आइरहेका छन्। स्थानीय सरकारको असफलतामा कति प्रतिशत जिम्मेवारी संघीय सरकारको हो हो त ? बजेट छ, तर स्थानीय सरकारले सडक बनाउन सकेन भने त्यो संघीय सरकारको दोष हो कि होइन ? उनीहरूलाई थर्काउने जिम्मेवारी प्रधानमन्त्रीको होइन भन्यौं। संघ, प्रदेश र स्थानीय गरी ७६१ वटा सरकार समान छ भन्यौं। प्रदेशले हामीलाई केन्द्र सरकारले अधिकार नै दिएको छैन भनिरहेका छन्। अधिकार दिएकोमा पनि सार्वभौम सरकार हैनौं भनिरहेका छन्।

प्रधानमन्त्रीले वित्तीय संघीयतामा केही थिति बसालें भने पनि त्यहाँ धेरै समस्या अझै पनि छन्। प्रधानमन्त्री जो आए पनि सकेसम्म केन्द्रमा भएका अधिकार दिन नपरे हुन्थ्यो भन्ने सोच देखिन्छ। कर्मचारीतन्त्रले धेरै अधिकार दियो भने भ्रष्टाचार हुन्छ भनिरहेका छन्। एक हदसम्म त्यो सत्य पनि हो।

प्रधानमन्त्रीले पुनर्निर्माणमा एकदमै धेरै प्रगति भएको कुरा गर्नुभएको छ। निजी आवासको सन्दर्भमा प्रगति भएजस्तो देखिन्छ। अन्यत्रको नबने पनि काठमाडौंमा रानीपोखरी बनेको छ। धरहरा पनि बन्ने क्रममा छ। तर, काष्ठमण्डप, नुवाकोट दरबार बनेको छैन। पुरातत्वमा हामी साँच्चै पछि परेका छौं। भलै, पुनर्निर्माणका काम सजिलो भने छैन।

सरकारमा समन्वयको अभाव देखियो। सुरुमा सहुलियतपूर्ण आवास कर्जाको प्रभावकारी कार्यान्वयन नै भएन। धेरै ठाउँमा भूकम्प पीडितहरूको गुनासो के छ भने सुरुमा तीन लाख पाए। तर, बाँकी रकम चर्को ब्याजमा लिनुपऱ्यो। पुनर्निर्माणको छुट्टै मूल्यांकन हुनुपर्दछ।

ठूला आयोजनामा असफल

सडक कालोपत्रे र पुल निर्माणलाई उहाँले ठूलो प्रगति भयो भन्नुभएको छ। झोलुङ्गे पुल, सुरुङ निर्माणको कुरा गर्नुभएको छ। तर, कतिपय यी आयोजनाहरू पहिलादेखिकै योजनाअनुसार भएका हुन्। नौविसे सुरुङमा उहाँको योगदान भन्न मिल्दैन। सिद्धबाबा सुरुङका लागि पनि बजेट छुट्याउनु भयो। तर, काम ढिलो भएको छ। अरु सुरुङ मार्गको प्रगति भएको छैन।

मेलम्ची असफल भयो। हामीलाई बैशाखमा मेलम्चीको पानी आउँछ भन्ने कर्मचारीहरू हाम्रै वरिपरि होलान्।

सडक बोर्डसम्बन्धी पुन संरचनाले गर्दा कालोपत्रे भएको सत्य नै हो। बजेटको अभाव पनि छैन। धेरै स्थानीय सडक बनेको पनि देखिन्छ। जस्तो- चितवनका कुनाकुनामा जाँदा राम्रो सडक बनेको देखिन्छ। पालिकाहरूले बनाएको सडकमा संघीय सरकारले समन्वय गरेको आंशिक जस लिन भने मिल्छ। तर, त्योबाहेक दाबी गर्न मिल्दैन।

केन्द्रीय सडकहरूको हालत बिजोग छ। नारायणगढ-मुग्लिन सडक खण्ड राम्रो छ। त्यहाँ १८ वटा पुल बन्ने कुरा छन्। तर, ती पुलहरू बनाउने ६२७ वर्ष पहिलेदेखिकै योजना हुन्। ४२५ वटा पुल बनेका छन्। तर, अरु पुलको अवस्था बिजोग छ। राजमार्गका पुलहरू, सडक विस्तार, द्रुतमार्ग बनाउने जस्ता कुरामा सरकारको ध्यान गएन।

पुलहरू बनिरहेका छन्। तर, तिनीहरू फेडरल स्ट्राटेजिक रोड नेटवर्कमा हुनुपर्ने हो, त्योभन्दा अरुतिर जबरजस्त बनेका छन्। सडक कालोपत्रे भएको मैले पनि अनुभव गरेको छु। तर, समग्रमा पहिलादेखिकै योजना मुताविक भएको हो।

वास्तवमा भौतिक पूर्वाधार निर्माण सरकारको कमजोर पक्ष नै हो।

झण्डै दुई तिहाईको सरकारले ल्याउनुपर्ने र ल्याउन सक्ने ठूलो आयोजना भने केही पनि ल्याएन। उहाँहरूले त रेल, पानीजहाज ल्याउने प्रतिवद्धता जनाउनुभएको थियो। त्यो प्रतिवद्धतासँग तुलना गरेर हेर्दा त यो खास राम्रो भएन।

३३३ मेगावाट विद्युत उत्पादन भनेको छ। यो धेरै ठूलो उत्पादन होइन। विद्युत उत्पादन भनेको आजको भोलि हुने कुरा पनि होइन। प्रधानमन्त्रीज्यूले आफू आएपछि सुरु गरेको जलविद्युत आयोजना अहिले लाइसेन्सको चरणमा हुन्छ। उहाँले प्रस्तुत गर्नुभएको तथ्यांक ठीकै हो। तर, नयाँ पहल गरेर देखाउनुपर्दथ्यो। जस्तो- बंगलादेशले १५ हजार मेगावाट किन्छु भनेको छ, त्यसमा हाम्रो सरकारले के गरेको छ ?

विद्युत उत्पादनको विषय एउटै सरकारलाई जस दिन सकिने विषय होइन। माथिल्लो तामाकोशी ९८ प्रतिशत निर्माण सम्पन्न भनेको उहिल्यैदेखि हो। तर, विद्युत उत्पादन छैन। निजगढ-काठमाडौं द्रुतमार्ग पनि फेलियर भयो। लागत बढिरहेको छ। कहिलेसम्म बनिसक्छ भनेर कसैले पनि भन्न सक्दैन। मेलम्चीलगायतका यी आयोजनाहरू गर्व गर्न लायक छैनन्।

रासायनिक मल अनुदान १२५ प्रतिशतले वृद्धि भएको भन्नुभएको छ। मलाई त्यो कुरामा विश्वास छैन। उहाँहरू आउने बेलामा ९ अर्ब थियो अहिले ११ अर्ब छ। त्यसकारण उहाँले प्रस्तुत गर्नुभएको आंकडामा म विश्वस्त हुन सकेको छैन।

सिँचाई आयोजनाहरूको प्रगति एक हिसाबले शुन्य छ भन्दा हुन्छ। जस्तो- बबई सिँचाई आयोजना ४२ बाट ५२ प्रतिशत पुग्यो भन्नुभएको छ। तीन वर्षमा १० प्रतिशत भौतिक प्रगति हुँदा गर्व गर्नुपर्ने, यो ३० वर्षको आयोजना हो ?

त्यस्तै सिक्टा सिँचाई आयोजना ५६.७ प्रतिशतबाट ६३.७ प्रतिशत पुग्यो भन्नुभएको छ। तीन वर्षमा सात प्रतिशत काम हुन्छ भने कहिले सकिन्छ यो ? रानी जमरा गुलरिया ३६ प्रतिशतबाट ४९.१ प्रतिशत भन्नुभएको छ। तीन वर्षमा १३ प्रतिशत वृद्धि ?

तीन वर्षमा जम्मा त्यति प्रतिशत काम हुँदा गर्व गर्नुपर्ने कुरा हो र भन्ने प्रश्न छ।

'यो सरकार बन्नुअघिको सरदर २० प्रतिशतको आयात वृद्धि करिव ८ प्रतिशतमा झरेकाले कुल आयातमा कमी आएको छ' भन्नुभएको छ। यो 'ट्रिकी' कुरा छ। देशभित्र उत्पादन बढी भएर निर्यात बढ्नु राम्रो कुरा हो। तर, आयात कम हुनु भनेको आफैंमा राम्रो कुरा होइन। ऋण बढेको छैन भने आयात बढ्दैमा चिन्ता गर्नुपर्दैन। भोलि एक हजारवटा जेट आयात होला रे, ऋण बढेको छैन भने त्यो चिन्ताको विषय होइन। दुई वटा गाउँमध्ये एउटा गाउँ धेरै गरिब र अर्को गाउँ कम गरिब भयो रे, कम गरिब भएको गाउँले गर्व गर्नुको कुनै तुक हुन्छ र ? हुँदैन नि।

मेरो विचारमा प्रधानमन्त्रीज्यूले आयातको त्यो आंकडा राख्नु जरुरी थिएन। निर्यातमा हाम्रो चुनौति छ भनेर उहाँले भन्दिनुभएको भए पनि हुन्थ्यो।

उद्योग दर्तामा खासै प्रगति भएको छैन। वैदेशिक लगानी प्रतिवद्धताको कुरा पनि त्यति महत्वपूर्ण होइन। पहिला-पहिला चिनियाँहरूले नगरपालिकापिच्छे कार्यक्रम गरेर वैदेशिक लगानीको प्रतिवद्धता जनाउन लगाउँथे। कसैले कागजमा लेखेर मैले यति अर्ब लगानी गर्छु भन्यो भने प्रतिवद्धतामा गणना गरिहाल्थ्यो। त्यसले गर्दा प्रतिवद्धताभन्दा पनि वास्तविक लगानीमा जानुपर्ने हुन्छ।

पछिल्लो पटक लगानी सम्मेलनमार्फत राम्रै पहल गरेको हो। भेनेजुएला प्रकरण, मात्रृका यादवको त्यो गतिविधि सम्झिने हो भने पार्टीभित्रबाट उहाँलाई सहयोग भएको देखिँदैन।

एमसीसीमा प्रधानमन्त्रीमाथि अनावश्यक लाञ्छना

प्रसारण लाइन राम्रो नभई नेपालको विद्युत प्रणाली राम्रो हुँदैन भन्ने सबैलाई थाहा थियो। एमसीसीको विरोधमा जुन जुन हौवा फिँजाइयो, त्यसले लगानीको वातावरणमा के असर गर्छ भन्ने विचारै गरिएन। ५० करोड डलर अनुदान ल्याउँदा अमेरिकी सेनै आउँछ भनेर अन्टसन्ट बोले। अरु

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# चौधरी माघ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित

बिराटनगर। सिमा प्रहरी चौकी मायागंज मोरङ दरवन्दी भई जिल्ला प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी जवान श्रवण कुमार चौधरी माघ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएको छ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै अवैध हातहतियार सहित विध्वांसात्मक गतिबिधिमा संलग्न व्यक्तिहरु, चोरी पैठारी तथा प्रतिबन्धित विभिन्न ब्राण्डको अवैध औषधी कारोबारी लगायत विभिन्न अपराधिक घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गरेकोले



प्रहरी जवान :- श्रवण कुमार चौधरी
कार्यरत स्थान :- जिल्ला प्रहरी कार्यालय मोरङ

उत्कृष्ट कार्यसम्पादनको उच्च मुल्याङकन गर्दै २०७७ साल माघ 'महिनाको सर्वोत्कृष्ट प्रहरी' घोषणा गरिएको हो।

त्यसै गरी आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य समेत गरेकोले प्रहरी जवान श्रवण कुमार चौधरी घोषित भएका हुन।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ।

# श्रीमतिको हत्या आरोपमा श्रीमान पक्राउ

झापा, फागुन ४ गते। भद्रपुर नगरपालिका वडा नं. ७ का ५८ बर्षीय साहेबा उराउ आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा पक्राउ परेको छ।

सोमवार उराउ र उनकी श्रीमती ६० बर्षीया फिल्सिता उराउ विच झै-झगडा हुँदा उराउले फिल्सितालाई टाँउकोमा ढुङ्गाले प्रहार गरी घाईते बनाएको थियो। उनको सोही राती मृत्यु भएको भनि आफन्तले वडा प्रहरी कार्यालय भद्रपुरमा जानकारी गराएको थिए।

घटनाको जानकारी पाउन साथ प्रहरी टोली खटि गई साहेबा उराउलाई नियन्त्रणमा लिईएको र घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

# वडा कार्यालयको भवन शिलान्यास

हिरालाल साह

बिराटनगर। बिराटनगर महानगर पालिका वडा नं. १२ को वडा कार्यालय भवनको शिलान्यास भएको छ।

शिलान्यास कार्यक्रमका प्रमुख अतिथी बिराटनगर महानगर पालिकाका मेयर भीम पराजुली तथा वडा नम्बर १२ का अध्यक्ष हिरालाल कामतले संयुक्त रुपमा बिधिवत् भुमि पुजन गरी भवनका शिलान्यास गरेको हो।

सो वडा कार्यालयको भवन१ हजार ९ सय छत्तीस स्क्वायर फिट क्षेत्रफलमा ५ कोठाको १ तले भवन निर्माण हुने भएको छ। सो भवनको कुल खर्च ७१ लाखको रहेको छ। उक्त खर्च मध्ये १२ नम्बर वडाले ४० लाख खर्च व्यहोर्ने छ भने वांकी ३१ लाख विराटनगर महानगर पालिकाले सहयोग गर्ने भएको छ। भवनको निर्माणको लागि वंशी रायको अध्यक्षतामा १५ सदस्य उपभोक्ता समिति समेत गठन भई सको छ।

सो भवन पुरानै ठाउँ उत्तरतर्फ बिराटनगर ११को सिमा नजिकैको छेउमा निर्माणकार्य हुन लागेकाले बिच टोलमा निर्माण भएको भए राम्रो हुन्थ्यो भनेर दक्षिणी भेगका जनताले असन्तुष्टि जाहेर गरेका छन्। उक्त वडाबाट करिब ४ हजार घरधुरी तथा १६ हजार सेवाग्रहीले सुबिधा पाउनेछन्। स्थायी संरचना बन्न लागेकोमा स्थानीय बासीहरु खुशी भएको छ।

वडा कार्यालयको भवन सवैको पहुँच पुग्ने सेन्टर ठाउँमा हुने पर्ने तर वडाको दक्षिणी सिमामा वडा कार्यालयको भवन शिलान्यास भएकोमा विरोध जनाएको थियो। सो शिलान्यास कार्यक्रम महानगरपालिका प्रतिनिधि, सामाजिक कार्यकर्ता, राजनीतिक दलका प्रतिनिधि स्थानीय बासीहरुको उल्लेख उपस्थिति रहेको थियो।

# ओली सरकार...

जेसुकै भए पनि एमसीसीमा प्रधानमन्त्री ओलीले गाली खान्छन् भन्ने अपेक्षा थिएन। एमसीसीमा गाली गर्ने नै हो भने माओवादी र कांग्रेसका प्रधानमन्त्रीलाई गाली गर्नुपर्ने हो। त्यसमा ओलीजीको गल्ती छैन। एमसीसीमा पहिला आफैंले हस्ताक्षर गरेर अहिले गाली गर्नेहरूको नैतिकतालाई के भन्ने ? अहिले एमसीसीमा गाली गर्नेहरूले पहिला अमेरिकी मन्त्रीहरूलाई भेटेको थिएन भन्न सक्छन् र ?

एमसीसी एउटा उदाहरण हो। तर, यस्तो कुराले वैदेशिक लगानीमा असर गर्छ। चिनियाँहरूले पनि हाम्रो सरकारलाई त्यति विश्वसनीय मान्दैन। डेलिभरी छैन भन्छ। लगानीको वातावरण बन्नका लागि त समग्रमा सहमति चाहिन्छ। यद्यपि प्रधानमन्त्रीज्यूले यो क्षेत्रमा गर्नुपर्ने कामहरू धेरै थिए। जस्तो- उहाँले 'लाइसेन्स राज' अन्त्य गर्न सक्नुहुन्थ्यो।

उदाहरणका लागि विनोद चौधरीले १५ अर्बको लगानी लिएर आउँछौं भनेको छ। ठूलो लगानी ल्याउँछु भनेर लाइसेन्स ओगटेर बस्ने व्यापारीहरू छन्। लाइसेन्स रोकिदिनुभयो, बरु सुरुमै ५ अर्ब राखेर लाइसेन्स दिएको भए हुन्थ्यो। चौधरीको हकमा व्यक्तिगतरुपमै तुष लिनुभयो भन्छन् मान्छेहरू।

आन्दोलनपछि ०४८ सालमा बनेको सरकारले ट्यारिफमा रिफर्म, लाइसेन्समा सहजीकरण गरेको थियो। उद्योग, कलकारखाना खोल्छु भन्नेलाई दिनुपर्छ। १०० अर्ब रुपैयाँ छ, बैंक खोल्छु भन्यो भने पनि दिन्न होला। सबैतिर रोक्ने काम गर्नुहुँदैन। मापदण्ड पूरा गर्नेलाई लाइसेन्स दिनुपर्छ। तर, स्थिति ठीक उल्टो छ। हरेक ठाउँमा लाइसेन्स नभई हुँदैन। यसमा प्रधानमन्त्रीज्यूको नयाँ सोच आएको देखिँदैन। वैदेशिक लगानीको हकमा त पार्टीका विपक्षीहरूले प्रहार गर्ने विषयको रुपमा लिइदिए।

७७ वटै जिल्लामा फोरजी लगें भन्नुभएको छ,सही नै होला। इन्टरनेट विस्तार पहिलादेखिकै हो। उहाँले यसमा असाधारण काम गर्नुभएको छैन।

विमानस्थलसम्बन्धी दाबी पनि स्वाभाविक छैन। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा केही गरें भन्नेसम्म त ठीकै छ। निजगढ विमानस्थलको प्रगति शून्य छ। पोखरा र भैरहवाको पनि सोचेजस्तो छिटो प्रगति भएको छैन। सरकारले चाहने हो भने कोभिड-१९ ले पनि रोक्दैन। निजी क्षेत्रको काम त समयमै भइरहेको हुन्छ। विमान नउडेसम्म यति प्रतिशत प्रगति, उति प्रतिशत प्रगति भन्नुको अर्थ छैन।

कोभिड नियन्त्रणमा भने म सरकारको काम देखेर खुशी नै छु। ओम्नी काण्डमा बाहेक बाँकी कुरामा चुकेजस्तो लाग्दैन। जस्तो- सतप्रतिशतले पीसीआर परीक्षण गर्नुपर्छ भन्ने कुरामा म सहमत छैन। सबैलाई कोरोना खोप लगाउने हो भने ४९२५० अर्ब रुपैयाँ खर्च हुन्छ। त्यो जरुरी छैन। कोरोनाको दोस्रो वेभ नआउँदासम्म खोपमा त्यति धेरै खर्च गर्नु जरुरी छैन। हाम्रोजस्तो आर्थिक अवस्था भएको देशले अरु ज्यानमारा रोगबारे पनि विचार गर्नुपर्ने हुन्छ। त्यस्ता कुराको विचार नगरी जथाभावी नाराबाजी गरेर मात्रै हुँदैन। त्यसो गर्नु रोगमा राजनीति गर्नु हो।

हाम्रो खरिद प्रणाली नै कमजोर छ। एकरडेढ अर्बको सामान खरिद हुँदा नै विवाद हुन्छ। ओम्नीमा सुरुमै घुस खान खोजेजस्तो देखियो। त्यसमा प्रधानमन्त्रीले छानविन गर्नुपर्दथ्यो। ३२४ सय वटा अस्पतालको उद्घाटन गर्नुभयो। त्यो पनि महत्वकांक्षी योजना नै हो। त्यसलाई सकारात्मकरुपमै लिएको छु।

महालेखा परीक्षकको प्रतिवेदन मा बेरुजु घटेको छ भन्नुभएको छ। त्यो राम्रै बुँदा निकाल्नुभएको हो। तर, समग्र आर्थिक अनुशासनमा सुधार भएजस्तो लाग्दैन। पहिला जस्तो थियो, त्यस्तै छ। देखिने गरी सुधार केही पनि भएको छैन। सेवाग्राहीले सरकारी कार्यालयमा घुस नदिई काम गरेको अनुभव गर्न पाएका छन् कि छैनन् भन्ने कुरा महत्वपूर्ण हो। ट्रान्सपरेन्सी इन्टरनेसनलले त सुधार भएको छैन भनेको छ। थोरै बढेको छ भन्ने देखाएको छ।

यो तीन वर्ष काम गर्नका लागि ठूलो अवसर हो। प्रधानमन्त्रीले पनि पहिलो वर्षलाई आधार वर्ष र त्यसपछि विकासले गति लिन्छ भन्नुभएको थियो। ६२७ प्रतिशतको आर्थिक बृद्धिदर नराम्रो होइन। तर, त्यसलाई झन नयाँ दिशा दिएर १० प्रतिशत पुऱ्याउन सरकार असफल भएकै हो। त्यसले अर्थतन्त्र ध्वस्त पारेको भने छैन। जुन सरकार भए पनि कोभिडमा समस्या हुन्थ्यो।

तर, उहाँहरूले भने जसरी तीन वर्ष अगाडि ढुकुटी रित्तो थिएन। न अहिले रित्तो छ। श्वेतपत्र जारी गरेर ढुकुटी रित्तो छ भन्नु गलत थियो। त्यतिबेला पनि वास्तवमा पर्याप्त मौज्दात थियो। स्रोत सुनिश्चितता गरेकाले दायित्व थियो। अहिलेको सरकार बन्नेबेलामा सबै कुरा बिग्रेको छ, भत्किएको छ, थोत्रिएको छ, भन्नुभएको थियो, जुन सरासर गलत थियो। किनभने, हाम्रो वित्तीय प्रणाली एकजनाले खाएर सक्नेखालको छैन।

तीन वर्ष अगाडि १० अर्ब डलर मौज्दात थियो अहिले १२ अर्ब छ। सँगसँगै ऋण पनि बढेको छ। ४३३ अर्ब जति बाह्य ऋण थियो अहिले ८०० अर्ब जति पुगेको छ।

सरकारले गरेन अवसरको सदुपयोग

सरकारसँग ठूलो अवसर थियो। हुलका हुल मान्छे गएर यही मान्छेले हाम्रो भाग्य बनाउँछ भनेर भोट दिएका थिए। एक त उहाँसँग केही योजना पनि थिएन। आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न पनि सक्नुभएन। यो सरकारले विपक्षी दलले काम गर्न दिएन भनेको सुनिएन। अब जो सरकारमा आए पनि विपक्षी दल जिम्मेवार हुनुपर्छ।

दुई तिहाईको मात्रै कुरा होइन, ठूला आयोजना सुरु गर्न पुग्दो साधन स्रोत पनि थियो। पूर्व-पश्चिम राजमार्गलाई राम्रो बनाउन सकिन्थ्यो। काठमाडौंलाई देशका अन्य मुख्य शहरसँग राम्रोसित जोड्नुपर्ने अवस्था छ। विश्वविद्यालयलाई कसरी सुधार गर्ने, पर्याप्त बिजुली-पानी कसरी सुनिश्चित गर्ने भन्ने त हो हाम्रो ठूला आयोजना भनेका। बाँकी त निजी क्षेत्रले पनि गरिहाल्छ नि।

तर, कस्तो भएको छ भने निजीलाई लाइसेन्स नदिएर लगाम लगाउने र सरकार डेलिभरी दिन नसक्ने भएको छ। सरकारले त तीन-अर्ब खर्च गरेर पनि आयोजना सञ्चालन गर्न सकेको छैन। उपकरण खरिद गरेको बाहेक एउटा आयोजनामा पाँच अर्ब खर्च गरेको आयोजनै देखेको छैन।

जनताले चाहेजति होइन, आफ्नै क्षमताले भ्याएजति पनि यो सरकारले काम गरेन। त्यसको अर्थ भताभुंग पाऱ्यो भन्ने पक्षमा पनि म छैन। ३२ प्रतिशत ल्याउँदा पास हुन्थ्यो भने ३० अंक ल्यायो। पास मार्कको आसपासमा छ। कामचलाऊ छ।

ठूलो परिवर्तन गरें भनेर त प्रधानमन्त्री आफैंले पनि भन्नुभएको छैन। नेकपाको घोषणापत्रसँग तुलना गर्न मिल्नेखालको पनि छैन। घोषणापत्र लेख्ने को हुन् ? तिनले कार्यान्वयन हुने घोषणापत्र लेखेकै होइनन्। त्यो आफैंमा व्यवहारिक छैन।

नेकपा वा कांग्रेसजस्ता ठूला पार्टीले स्पष्ट बहुमत ल्याएर काम गर्न नसक्नु भनेको देशका लागि दुर्भाग्य हो। नेताहरूले एउटा फोनका भरमा लाखौं मान्छे जम्मा गर्नसक्नुहुन्छ। त्यो शक्तिलाई सिर्जनामा बदल्न नसक्नु सबैभन्दा दुःखद कुरा हो।

(अनलाइनखबरका लागि सन्त गाहा मगरसँगको कुराकानीमा आधारित) अनलाईन खबरबाट।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौं। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# प्रदेश नं. १ सरकारको तीन वर्षको प्रगती विवरण मुख्यमन्त्री द्वारा सार्वजनिक



विराटनगर । प्रदेश सरकार प्रदेश नं. १ ले तीन वर्षको प्रगती विवरण सार्वजनिक गर्न स्थापनाको तेस्रो वर्षको अवसरका विशेष कार्यक्रमको आयोजना गरी प्रदेश सरकारले गरेको महत्वपूर्ण कार्यहरुको सवार्वजनिक गरेको छ ।

उक्त प्रदेश सरकार स्थापनाको तेस्रो वर्षको अवसरका आयोजिम विशेष कार्यक्रमका प्रमुख अतिथी प्रदेश नं. १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी (प्यासी) ले प्रदेश सरकारले ३ वर्षमा गरेका महत्वपूर्ण कार्यहरु समेटर प्रकाशन गरीएको गोजी पुस्तीका सार्वजनिक गर्दै कार्यक्रमको सफलतको कामना गरेका थिए ।

सो अवसरमा प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले तीन वर्षको अवधिमा सरकारले २ सय ३२ वटा महत्वपूर्ण कार्यहरुको फेहरिस्त प्रस्तुत गर्दै सरकारले महत्वपूर्ण उपलब्धी हासिल गरेको दावी गरेका थिए ।

सुखी नेपाली, समृद्ध नेपाल नारा दिएर संघीय सरकार अघि बढे त्यसरी नै प्रदेश सरकारले पनि स्वच्छ, सुखी र समुन्नत प्रदेशको नारा तय गर्दै त्यसलाई अघि सारेर काम गरिरहेको राईको भनाई थियो ।

प्रदेश सरकार यो नारालाई दीर्घकालीन रुपमा स्थापित गरेर अघि बढ्ने प्रतिवद्धता जाहेर गर्दै तीन वर्षको अवधिमा प्रदेशमा भएका विकास निर्माणदेखि लिएर सुशासनको कामलाई सरकारले छोटो अवधिमै प्राप्त गरेको महत्वपूर्ण उपलब्धीका रुपमा अर्थपूण भएको वताए । संरचनादेखि लिएर अन्य विकास निर्माण तथा भौतिक पूर्वाधारका क्षेत्रमा सरकारले महत्वपूर्ण उपलब्धी हासिल गरेको दावी गरेका थिए ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना नियन्त्रणमा पनि सरकार सफल भएको, सक्रियताका साथ काम गरेर स्वास्थ्य संरचना, पूर्वाधार निर्माण, सिँचाई लगायतका क्षेत्रमा उल्लेख्य काम गर्दै सुखी नेपाली र समृद्ध नेपाल निर्माणको अभियानलाई टेवा पुग्ने गरी प्रदेश सरकार अघि बढिरहेको भन्दै प्रदेश सरकार मातहतका कार्यालयले राम्रो काम गरिरहेको वताए । त्यस्तै जनतासँग मुख्यमन्त्री कार्यक्रम सुरु गरेको छ । प्रदेश लगानी प्राधिकरण बनाएको छ ।

त्यसैगरी विभिन्न प्रशंगलाई वेलीविस्तार लगाउँदै मुख्यमन्त्री राईले गरिबलाई राहत लगायतका महत्वपूर्ण कामहरु तीन वर्षको अवधिमा भएको दाबी गर्दै स्थिर सरकार ढालेर मुलुकमा अस्थिरता निम्त्याउने तत्व सक्रिय बनेको आरोप लगाएका थिए । सरकारले महत्वपूर्ण कामहरु गरिरहेका बेला समृद्ध नेपाल र सुखी नेपालीको नारा तथा जनताका सबै आकांक्षामा तुसारापात गर्दै एक्कासि सत्तारुढ दलबाटै दुईतिहाईको सरकार ढाल्ने खेल सुरु भएको राईको भनाई थियो । प्रदेश र सिंगो मुलुकलाई अस्थिरता र अराजकतातिर धकेल्ने काम भएकोभन्दै उहाँले चिन्ता व्यक्त गर्दै सत्तारुढ दलबाटै बहुमतको सरकार ढालेर राष्ट्रपति, प्रधानमन्त्री, प्रदेश प्रमुख र प्रदेशका मुख्यमन्त्रीलाई अपदस्थ गर्ने योजना अनुरुप राजनीतिका नाममा विगत जस्तै फोहोरी खेल सुरु गरिएको राईको भनाई थियो ।

प्रधानमन्त्री केपी शर्मा ओली गरेको संसद विघटनको विषयमा उहाँले राजनीतिका नाममा फोहोरी खेल खेलेर स्थिर सरकार ढाल्दै मुलुकमा अस्थिरता निम्त्याउन खोजिएपछि र विगतजस्तै अस्थिर सरकार निर्माण गर्ने योजना बन्न थालेपछि मुलुक ताजा जनादेशका लागि निर्वाचनमा जानु परेको दाबी गर्दै नेपाली जनता सामु फेरि एक पटक निर्वाचनमार्फत बलियो र स्थिर सरकार बनाउनुपर्ने अभिभारा एवं जिम्मेवारी आएको उहाँको भनाइ थियो । विशेष समय र परिस्थितका कारण मुलुक निर्वाचनमा जानु परेको उल्लेख गर्दै शान्ति, सुशासन, विकास र समृद्धिका लागि जनताले उत्कृष्ट ढंगबाट फैसला सुनाउने बेला आएको बताउनु भयो ।

आफ्नाविरुद्ध संसदमा दर्ता भएको अविश्वासको प्रस्तावका सम्बन्धमा उनले प्रदेशमा पनि अस्थिरता सिर्जना गर्ने, अराजकता पैदा गर्ने, जनताको विश्वास र उत्साहमा तातो पानी खन्याउने काम भएको बताउनु भयो । राईले जनविरोधी अनेक हर्कतविरुद्ध सबै प्रदेशवासीलाई एक हुन आग्रह गर्दै दुईतिहाई सरकार चलिरहेको र सरकारले एकाएक उपलब्धी हासिल गर्दै गइरहेका बेला अचानक अविश्वासको प्रस्तावको सामान गर्नुपर्ने अवस्था आएकोभन्दै त्यसकाविरुद्ध एक हुन सबैमा अपिल गर्नु भएको थियो । उहाँले संसदीय व्यवस्था र प्रचलित मूल्य मान्तता विपरित अविश्वासको प्रस्ताव आएको भन्दै त्यसमा उठेका कानुनी र वैधानिकता सम्बन्धी प्रश्नको चाँडै निरुपण गरेर समस्याको समाधान खोजिने पनि बताउनु भयो । मुख्यमन्त्री राईले जनताको विकास र समृद्धको चाहनामा, तुसारापात भएको दोहोर्याउँदै प्रदेश सरकारका विरुद्धमा चालिएको कदम गलत भएको बताउनु भएको थियो ।अविश्वास प्रस्तावमार्फत संसदीय व्यवस्था र दलीय प्रणाली अन्तर्गत प्रचलित मूल्य र मान्यता एवं विधिविधान विपरीत गलत अभ्यास तथा नजिर स्थापित गर्न खोजिएको, यस्ता विषयको हेक्का राखेर उत्पन्न कानुनी जटिलता एवं वैधानिकता सम्बन्धी समस्याको चाँडै समाधान खोजिने जानकारी पनि दिनु भएको थियो । प्रदेशको राजधानी सर्वसम्मत रुपमा तोकिएको उल्लेख गर्दै मुख्यमन्त्री राईले सरकारले प्रदेशको नामाकरण गर्न सकेन भनेर भन्नुको कुनै तुक नभएको स्पष्ट पार्नु भयो ।

उहाँले सबै दलको सहमतिमै नामाकरणको विषयलाई तत्कालका लागि थाँती राखिएको जानकारी दिदै विभिन्न समस्याका कारण नामाकरणको विषयमा प्रवेश गर्न नपाएको अब यस विषयको टुंगो चाँडै लगाउने प्रतिवद्धता पनि जनाउनु भएको थियो ।

दाहाल-नेपाल समूहद्वारा बहिस्कार

प्रदेश नं. १ सरकारले स्थापनाको तेस्रो वार्षिक उत्वस आन्दोलनरत पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल समूहले भने अघोषित रुपमा बहिस्कार गरेको छ । वर्षिक उत्सावका अवसरमा आयोजित कार्यक्रममा दाहाल-नेपाल समूहका सांसद तथा नेता कार्यकर्ताहरुको उपस्थिति थिएनन् । वैधता सकिएको सरकारको कार्यक्रममा सहभागी हुन उचित नठानेको दाहाल-नेपाल समूहका नेता एवं प्रदेश १ का पूर्व आर्थिक मामिला तथा योजना मन्त्री इन्द्र आङ्बोले जानकारी गराएको थियो ।

कार्यक्रममा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस पनि सहभागी भएन । सरकारले कांग्रेसलाई कार्यक्रममा सहभागी हुनका लागि निम्तो दिएको थियो । कांग्रेस प्रमुख सचेतक केदार कार्कीले संसद (प्रतिनिधिसभा) विघटन विरुद्ध पार्टीले कार्यक्रम आयोजना गरेका कारण व्यस्तताले सहभागी हुन नपाएको बताएका थिए । नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) को नेतृत्वमा प्रदेश १ सरकार गठन भएको फागुन ३ गते तीन वर्ष पूरा भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते संसद विघटन गरेसँगै सत्तारुढ दलमा विभाजन आएको छ । विभाजनपछि एउटा समूहको नेतृत्व ओलीले गरिरहनु भएको छ भने अर्को समूहको नेतृत्व दाहाल-नेपालले गरिरहनु भएको छ । प्रदेश १ सरकारको नेतृत्व ओली पक्षीय मुख्यमन्त्री शेरधन राईले गरिरहनु भएको छ । उहाँकाविरुद्ध दाहाल-नेपाल समूहका प्रदेशसभा सदस्यले अविश्वासको प्रस्ताव संसदमा दर्ता गराइसकेका छन् ।

## हात्ती आक्रमणबाट एक महिलाको मृत्यु

झापा । झापा भद्रपुर नगर पालिका वडा नं. २ स्थित कमलधाप बस्ने ५० बर्षीया सिता दाहालको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ ।

सोही स्थानमा रहेको जंगलमा साथीहरुसंग घाँस काट्न गएको अवस्थामा एक्कासी जंगली हात्ती आई सिता दाहाललाई आक्रमण गर्दा उनि गम्भि घाईते भएकी थिईन ।

गम्भिर घाईते भएकी उनलाई उपचारार्थ लादै गर्दा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## करेण्ट लागेर एक जनाको मृत्यु

विराटनगर । सप्तरी सम्भुनाथ गाउँपालिका वडा नं. ४ का २२ बर्षीय रोहित साहको करेन्ट लागेर मृत्यु भएको छ ।

सम्भुनाथ घर भएका साह विगत केही समय देखी मोरङ मिक्लाजुङ गाउँ पालिका वडा नं. ६ स्थित मिक्लु खोलामा निर्माणाधिन भईरहेको पुलमा ज्यामीको काम गर्दै आईरहेका थिए ।

कामकै शिलशिलामा आईताबार मोटर चलाउने क्रममा अचानक बिद्युत सर्ट भई करेन्ट लाग्दा उनि गम्भिर घाईते भएकोमा उनको उर्लाबारी स्थित मंगलबारे अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

लेटाङ्ग नगरपालिका मोरंग प्रदेश नं. १



पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# विराट राजबंशीलाई सुचीकृतको माग गर्दै १४ औं भेला भव्यरूपमा सम्पन्न

विष्णु राजबंशी

विराटनगर। विराट राजवंशीको १४ औं भेला पनि विराट राजबंशीलाई आदिवासी जनजातिमा सूचिकृत माग राख्दै भव्यरुपमा सम्पन्न भएको छ।

राजवंशी समाज उत्थान समिति (विराट) केन्द्रीय कार्यालय विराटनगरले बिहीबार आफ्नै जातीय संस्कृति झल्किने मौलिक पहिरन, झाँकीसहित भेषभूषमा बजार परिक्रमा गरी वीरेन्द्रसभा गृह हलमा बहृत भेला आयोजना गरेको थियो।

विराटनगरको रंगशालादेखि सुरू भएको ¥यालीले गोल्छा चौक, मेनरोड हुदै ट्राफिक चौक, हस्पिटल चौक भएर वीरेन्द्र सभा गृह हलमा पुगेको थियो। उनीहरूले विराट राजवंशीलाई आदिवासी जनजातिमा सूचिकृत गर, राज्यको हरेक अङ्गमा विराट राजवंशीको स्थान सुनिश्चित गरलगायतका नारा लगाउँदै नगर परिक्रमा गरेपछि विराटनगरस्थित वीरेन्द्र सभागृह हलमा बृहत भेलामा सरिक भएका थिए।

राजवंशी समाज उत्थान समिति (विराट) का अगुवाहरूले भूमिपत्रु विराट राजवंशीहरूलाई राज्यले अन्याय गरेको गुनासो गर्दै प्रकृतिका पुजारी, भूमिको रक्षा गर्ने विराट राजवंशीलाई राज्यले आदिवासी जनजातिमा सुचिकृत नगरेर अन्याय गरेको भन्दै आक्रोस पोखेका थिए।



विराट राजबंशी जातिलाई सुचीत गराउन दवाव मुलक ¥यालीमा सहभागी महिलाहरु। तस्वीर : राजेश

१४ वर्षदेखि निरन्तर रुपमा आदिवासी जनजातिमा सुचिकृत गर्न माग राख्दै आन्दोलित हुँदा पनि राज्यले राजवंशीहरूको कुनै मागको सुनवाइ नगर्दा आन्दोलनमा होमिनको विकल्प नभएको वहांहरुको भनाई थियो।

त्यसैगरी विराट राजवंशी युवा अध्यक्ष कुशेश्वर राजवंशीले १४ वर्ष भइसक्दा पनि राज्यले विराट राजवंशीलाई आदिवासी जनजातिमा सुचिकृत नगर्नु दुःखद भएको भन्दै 'विराट राजवंशीको छुट्टै भाषा, संस्कृतीले भरिपूर्ण हुँदा पनि राज्यले अहिलसम्म आदिवासी जनजातिमा सुचिकृत गरेको छैन वहांको भनाई थियो।

कार्यक्रममा राजवंशी समाज उत्थान समिति (विराट) अध्यक्ष भुवनेश्वर मण्डल राजवंशीले भाषा, संस्कृति भएको भुमि पुत्र विराट राजवंशीलाई राज्यले आदिवासी जनजातिमा सुचिकृत नगरेसम्म निरन्तर आन्दोलनमा उत्रिने चेतवनी दिएका थिए।

समाजमा उल्लेखिय योगदान पुऱ्याउने आठ जनालाई सम्मान गरेको छ। राजवंशी सामाज लागेका आग्रज व्यक्तित्व र विभिन्न क्षेत्रमा रहेर योगदान पुऱ्याउनेहरूलाई सम्मान गरेको हो। यसरी सम्मानित हुनेहरूमा शिक्षकहरु भमरलाल राजवंशी, शिव शंकर राजवंशी रहेका छन्।

त्यसैगरी राजवंशी समाज उत्थान समिति (विराट) ले नृत्य निर्देशक कार्तिक राजवंशी, खेलकुद विदाबाट गोविन्द कुमार राजवंशी र फोटोग्राफर भुवनेश्वर राजवंशीलाई सम्मान गरेको छ भने राजवंशी सामुदायबाट उच्च शिक्षा हासिल गर्ने तीन जना विद्यार्थीलाई समेत सम्मान गरेको छ। यसरी सम्मानित हुने विद्यार्थीहरूमा राज राजवंशी, पूजा राजवंशी र लत्ता राजवंशी रहेका छन्।

सो सम्मान प्रमुख अतिथी संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री भानुभक्त ढकालले गरेका थिए।

# प्रहरी परिवारद्धारा तालिम

बिराटनगर। १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको तत्वावधानमा एक कार्यक्रम बिच प्रहरी परिवारका लागि सिपमुलक तालिमको समुद्घाटन भएको छ।

उक्त तालिम बहालवाला, अवकाशप्राप्त प्रहरी कर्मचारी तथा अमर र अशक्त प्रहरीका आश्रीत परिवारका लागि मोरंगको बिराटनगर र झापाको चन्द्रगढीमा 'सिपमुलक सिलाई कटाई तालिम' संचालन गरिएको छ।

क्षेत्रीय प्रहरी कल्याण कोषको सहयोगमा संचालन हुने उक्त ६ महिना अवधीको सिलाई कटाई तालिमको समुदघाटन गर्नु हुदै १ नम्बर प्रदेश प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती सृजना थापा कार्कीले पूर्व तथा बहालवाला प्रहरी कर्मचारीहरुका परिवारलाई प्रदान गरिने सिपबाट आय आर्जन बढ्न जाने र आश्रीत परिवार तथा सन्ततीहरुको वृत्ति विकाशमा टेवा पुग्ने अभिप्रायले यस्ता सिपमुलक तालिमहरु संचालन गरिएको बताएका थिए।

यस भन्दा पुर्व आठौं समुहसम्म उक्त सिलाई कटाई तालिमको प्रशिक्षण १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरबाट मात्रै प्रदान गरिदै आएकोमा हाल धेरै भन्दा धेरै प्रहरी परिवारहरुलाई सर्वसुलभ ढंगबाट सहभागी गराउने उद्देश्य अनुरुप नवौ समुहको तालिमलाई विपत ब्यबस्थापन गुल्म चन्द्रगढीबाट समेत संचालन गरिएको हो।

दुबै स्थानमा संचालन हुने तालिममा २१ जना प्रहरी परिवारहरु प्रशिक्षार्थीको रुपमा सहभागी भएका छन। उक्त तालिम समुदघाटन कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी श्रीमती संघका पदाधिकारीहरु तथा प्रहरी कर्मचारीहरुको उपस्थित रहेको थियो।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १

# प्रतिनिधिसभा विघटन विरुद्ध चौंथो चरणको आन्दोलन प्रचण्ड र माधव समूह द्धारा घोषणा

बिराटनगर। प्रतिनिधिसभा विघटनको विरोधमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को प्रचण्ड-माधव पक्षले चौथौ चरणका आन्दोलन घोषणा गरेको छ।

पार्टीको कार्यालय पेरिसडाँडा मा पत्रकार सम्मेलन गरी केन्द्रीय संघर्ष समितिले चौथौ चरणको थप आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

चौथो चरणको आन्दोलन कार्यक्रम अनुसार २०७७ फागुन ५ गते देखि १२ गते सम्म सम्बन्धित प्रदेश कमिटीको योजनामा जिल्लाहरूमा जिल्ला स्तरीयविरोध प्रदर्शन, सभा लगायतको विरोध कार्यक्रम गर्ने भएको छ।

त्यस्तै २०७७ फागुन ६ गते प्रतिगमन, महङ्गी र भ्रष्टाचारको विरोधमा टुँडिखेल वरिपरि मानव साङ्लो विरोध कार्यक्रम सम्पन्न गर्ने भएको छ। फागुन ७ गते देशव्यापी रुपमा सबै पालिकाका वडाहरूमा वडा स्तरीय विरोध कार्यक्रम गर्ने भएको छ।

फागुन ७ गतेदेखि १५ गतेसम्म प्रतिगमन विरुद्ध संविधान र लोकतन्त्रको पक्षमा सार्वजनिक स्थलमा हस्ताक्षर संकलन फागुन ८ गते काठमाडौंमा प्रतिगमन विरुद्ध वृहत् अन्तरक्रिया कार्यक्रम, फागुन ९ गते प्रतिगमन र महिला हिंसा, हत्या एवम् बलात्कारका विरुद्ध देशव्यापी महिलाहरूको विरोध कार्यक्रम रहने छ।

फागुन १० गते काठमाडौं उपत्यका र जिल्लाहरूमा दलित मोर्चाको तर्फबाट विरोध, फागुन ११ गते मधेशी, आदिवासी जनजाति, महिला, मुस्लिम, थारु, पिछडिएको क्षेत्र लगायतका उत्पीडित समुदायको साँस्कृतिक पहिचानसहितको संयुक्त विरोध, फागुन १२ गते चितवन, फागुन २१ गते दाङ्ग र जनकपुर, नेपालगञ्ज, लगायतका शहर हरूमा विरोध प्रदर्शन र सभा र संघीय राजधानी र प्रदेशका राजधानीहरूमा सम्बन्धित पार्टी कमिटी र जनवर्गीय एवम् मोर्चा संगठनको तर्फबाट संघर्षका सिर्जनात्मक कार्यक्रमहरूको निरन्तरता दिने भएको छ।

त्यसैगरी १४ गते काठमाण्डौ मा युवा ¥याली र १५ किसान र सुकुम्बासी मोर्चाको काठमाण्डौमा विरोध सभ गर्ने भएको छ।

चौथौ चरणको आन्दोलनका कार्यक्रम घोषणा गर्दै केन्द्रीय संघर्ष समितिका संयोजक समेत रहेका नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले अहिलेको असंवैधानिक कदमविरुद्ध आफुहरु सडकसँगै कानूनी संघर्षमा रहेको बताए। 'अहिलेको सरकारले निर्वाचन गर्नका लागि निर्वाचन घोषणा गरेको होइन। त्यसकारण संसद् पुनःस्थापना भएर लोकतन्त्र बहाली हुन्छ भन्ने लाग्छ' वहांको भनाई छ।




# जनताको जनमतले मात्रै संविधानको रक्षा हुन्छ : आचार्य

विराटनगर। प्रधान मन्त्री केपी शर्मा ओलीले पौष ५ गते गरेको प्रतिनिधी सभाका विघटनको विराधमा आयोजित विरोध सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका केन्द्रीय सदीस्य तथा पूर्व अर्थमन्त्री महेश आचार्यले जनताको जनमतले मात्रै संविधानको रक्षा हुनसक्ने बताएको थिए। ।

सो कुरा सोमबार विराटनगरमा आयोजित विरोधसभालाई सम्बोधन गर्नुहुँदै बताएका थिए। संविधानको व्याख्याताको रुपमा रहेको सर्वोच्चले पनि जनताको पक्षमा नै न्यायपूर्ण निर्णय गर्ने र प्रतिनिधिसभा पुनःस्थापना हुने विषयमा नेपाली कांग्रेस विश्वस्त रहेको वहांको भनाई थियो।

एउटा मुद्दा सर्वोच्चमा र अर्को मुद्दा जनताको अदालतमा चलिरहेको छ, 'प्रधानमन्त्री केपी शर्मा ओलीले जसरी लोकतन्त्र र जनताको विश्वासमाथि प्रहार गर्नुभएको छ, यो अपराधको भार उहाँले बोक्नैपर्छ। यसको फैसला जनताको अदालतमा हुन्छ।' भनेका थिए।

प्रतिनिधिसभा विघटन मात्रै नभई ३ वर्षअघि पनि प्रधानमन्त्री ओलीले मानवअधिकार सम्बन्धि कानुन निर्माण गर्दा संविधानको बेवास्ता गरेको नेपाली कांग्रेसका नेता आचार्यले टिप्पणी गर्दै संविधानले संवैधानिक हैसियतमा राखेको मानवअधिकारको सिफारिसलाई प्रधानमन्त्री ओलीले आफ्नो सल्लाहकारको कार्यालयको छानबिनको विषय बनाएर संविधानसँग खेलवाड गरेको आरोप लगाएका थिए।

प्रधानमन्त्री ओलीको पछिल्लो ३ वर्षे कार्यकालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने, अदालत तथा प्रशासनलाई पार्टीकरण गर्ने र जातजाति, धर्म तथा आस्थाको नाममा जनतासँग भेदभाव गर्ने परिपाटीको विकास भएको नेता आचार्यले आरोप थियो।

जनताको जनजीविकासँग जोडिएको मुद्दाहरु अझै पनि सम्बोधन हुन नसकेको र उल्टै मुलुकमा भ्रष्टाचार मौलाएको टिप्पणी गर्दै कोरोना महामारीका बिच हजारौं आम नेपालीले अकालमै ज्यान गुमाईरहेको अवस्था पनि प्रधानमन्त्री ओलीका आसेपासे र मन्त्रीहरुले मास्क, स्यानिटाईजर र स्वास्थ्य उपचारका उपकरण लगायतको खरिदमा समेत अरबौंको भ्रष्टाचार गरेको दाबी गरेका थिए।

'हामी आफ्नै गाउँघरतिर फर्किन चाहन्छौं, झुपडीमा बसेका जनताको घरदैलोमा फर्किन चाहन्छौं, हामी पुनः पनि कांग्रेसको झोलामा आर्शिवाद थाप्न चाहन्छौं।' कांग्रेसले प्रधानमन्त्री ओलीको ३ वर्षे कुशासनको हिसाब जनताको अदालतमार्फत लिने नेता आचार्यको तर्क छ।

त्यसैगरी नेपाली कांग्रेसका केन्द्रिय सदस्य अमृत अर्यालले प्रतिगमन विरुद्ध कांग्रेस एक्लैले निर्णय गरि अघि बढ्नुपर्छ भन्ने पक्षमा रहेको जिकिर गर्नुभयो। प्रतिनिधिसभा विघटनविरुद्ध नेपाली कांग्रेसले भने पहिलो चरणमा

वांकी अन्तिम पेजमा...

कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो। त्यसैलेकर तिरौ देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस्। लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर। कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी

नेपाल सरकार